# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्घाखाँची गुल्मी
## ५ नं. प्रदेश, नेपाल

प.सं.:०७६/७७
च.न.:

मिति:- २०७६/०८/१२

**विषय:- मृतक परिवारका परिवारले आर्थिक सहायताका लागी निवेदन दिने बारेको सूचना**

प्रस्तुत सम्बन्धमा वैदेशिक रोजगार नियमावली २०६४(पाचौ सशोधन) को नियम २८(१) अनुसार श्रम स्वकृती लिई वैदेशिक रोजगारमा गएको कुनै कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको १ वर्षभित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको प्रमाणित कागजात सहित मृतकको नजिकको हकवालाले आर्थिक सहायताको लागी वैदेसिक रोजगार वोर्डमा निवेदन दिन सक्ने व्यवस्था गरेको छ । सोहि नियमावलीमा भएको व्यवस्था बमोजिम मृतकको हकवालाले स्थानीय तहमार्फत निवेदन दिन सक्ने व्यवस्था भएकाले मृतक कामदारको हकवाला परिवारका सदस्यले आर्थिक सहयताका लागी निवेदन सहित सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजात**

| क्र.स. | मृतक कामदारका हकवालाले आर्थिक सहायताको लागि निवेदन पेश गर्नु |
|---|---|
| १. | राहादानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहादानीवाहकको राहादानी नं. नाम र फोटो भएको पृष्ठको प्रतिलिपि । |
| २. | विदेश स्थित रोजगारदाता कम्पनी नियोग, अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञान पत्रको प्रतिलिपि विदेशमा मृत्यु भएको हकमा |
| ३. | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपी |
| ४. | स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि |
| ५ | हकवालको नागरिकता नाता प्रमाणित र अविवाहित भए स्थानिय तहबाट अविवाहितको सिफारिस पत्र |
| ६. | स्थानिय तहबाट हकवाला खुलेको फोटो र बैकको नाम शाखा र बैकखाता नं. रुजु सहितको बैकको पत्र । |
| ७. | नजिकको हकवालाको पार्सपोट साइजको एक प्रति फोटो । |

२०७६/८/१२

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np